निर्णयहरू:-

१. सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी मकवानपुर जिल्लाको लगत तयार गर्ने प्रयोजनको लागि जिल्ला प्रशासन कार्यालय, मकवानपुरको च.नं. ३९७२, मिति २०८०-०२-०१ को पत्रमार्फत जग्गा अतिक्रमण सम्बन्धी विवरण जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूबाट माग गरिएकोमा विवरण उपलब्ध नगराउने कार्यालयहरूले अनिवार्य रूपमा मिति २०८०-०२-०८ गतेभित्रि विवरण उपलब्ध गराउने ।

२. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १३ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ६ ले निर्दिष्ट गरेका कार्यालय प्रमुखको काम, कर्तव्य, अधिकार र दायित्वको कार्यान्वयन प्रगति विवरण तयार गरी श्री गृह मन्त्रालय पठाउने प्रयोजनको लागि जिल्लास्थित सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका कार्यालय प्रमुखहरूले मिति २०८०-०२-१५ गतेभित्र प्रतिवेदन तयार गरी जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई अनिवार्य रूपमा उपलब्ध गराउने ।

३. मिति २०७९-०३-०६ गते बसेको कार्यालय प्रमुख बैठकबाट जिल्ला दररेट निर्धारण समिति, मकवानपुरको सदस्य सचिवको जिम्मेवारी शहरी विकास तथा भवन कार्यालय, हेटौडा, मकवानपुरका कार्यालय प्रमुखले निर्वाह गर्ने भनी निर्णय भएको व्यहोरा सबैमा अवगतै छ । सो सम्बन्धमा आर्थिक वर्ष २०८०/०८१ को लागि निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न शहरी विकास तथा भवन कार्यालय, हेटौडाका कार्यालय प्रमुखले सम्बन्धित सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी पूर्वतयारी गर्ने ।

४. कार्यालयहरूबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी एवं सेवाग्राही मैत्री बनाउन सम्भव भएसम्म कार्यालयहरूले नागरिक सहायता कक्ष स्थापना गरी सेवाग्राही आफैले भरी पेश गर्नुपर्ने कागजात/निवेदनहरू नागरिक सहायता कक्षबाट निशुल्क रूपमा लेख्ने/भर्ने व्यवस्था मिलाउने ।

राजेन्द्रदेव पाण्डे
प्रमुख जिल्ला अधिकारी